# दोर्दी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलय

गण्डकी प्रदेश, नेपाल

दोर्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौथर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७२

## आर्थिक बर्ष ०७५/०७६ को आर्थिक ऐन

गाउँसभाबाट पारित मिति २०७५/०३/३०

लागु हुने मिति २०७५/०४/०१

दोर्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौथर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

# दोर्दी गाउँपालिकाको आ.व ०७५/०७६ को आर्थिक ऐन

दोर्दी गाउँपालिकको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको ऐन

प्रस्तावना: दोर्दी गाउँपालिका को आर्थिक वर्ष ०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम दोर्दी गाउँ सभाले यो ऐन बनाएको छ।

१) संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि दोर्दी गाउँ पालिका क्षेत्रमा लागू हुनेछ।

२) सम्पति कर: दोर्दी गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३) भूमि कर: मालपोत, गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर र मालपोत लगाइने र असूल उपर गरिनेछ।

४) घर वहाल कर: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५) व्यवसाय कर: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

ओम बहादुर गुरुङ
अध्यक्ष

नैंदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नैंथर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

६) जडिबुटी, कवाडी र जीवजन्तु कर: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत कर लगाइने र असूल उपर गरिनेछ ।

७) सवारी साधन कर: गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८) विज्ञापन कर: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ॥तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९) मनोरन्जन कर: गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०) बहाल बिटौरी शुल्क: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका भए अनुसार हाट बजार वा पसलमा बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११) पार्किङ शुल्क: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२) ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क: गाउँपालिका ले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याटफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत शुल्क लगाइने र असूल उपर गरिनेछ ।

ओम बहादुर गुरुङ
अध्यक्ष

दोर्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौथर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

१३) सेवा शुल्क, दस्तुर: गाउँपालिका ले निर्माण, संचालन वा व्यवस्थापन गरेका कार्यहरु र सेवाहरु , तथा उलि्लखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट बाट अनूसूचि (६) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४) पर्यटनशुल्क: गाउँपालिका ले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५) कर छुट: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६) कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिका ले तोके अनुसार हुने छ ।

ओम बहादुर गुरुङ
अध्यक्ष